**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 315–324**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75412**

# *यशोधरा* नाटकको पारम्परिक र उत्तरआधुनिक दृष्टिकोणको तुलनात्मक अध्ययन

# A Comparative Study of Traditional and Postmodern Perspectives on the Yashodhara Drama

[1] *डा. कान्छी महर्जन*
***Kanchi Maharjan, Ph. D.***

[1]***Assistant Professor of Nepali, Saraswati Multiple Campus, Lekhnath Marg, Kathmandu, Nepal***

*[Email: maharjankanchi@gmail.com, ORCID: https://orcid.org/0009-0001-6975-7226]*

**Article History:** Received 11 Oct. 2024; Reviewed 17 Nov. 2024; Revised 27 Dec. 2024; Accepted 16 Jan. 2025

**Copyright:** This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0 International License.

## Abstract

*In most of the mythological and medieval texts, the author has given prominence to the courageous male protagonist instead of the female character. Be it Hindu or Buddhist texts, female characters have been overlooked or ignored, but in Nepali literature, over the past fifty years, heroine-dominated dramas have been written, giving a central place to the entire being of female characters. In the present study, playwright Kali Prasad Rijal's Yashodhara (2059) Geetha Natak and Sharada Subba's Yashodhara (2065) drama have been taken as evidence material to conduct a comparative character study of the traditional and postmodern perspectives of Yashodhara drama. The concept of comparative criticism has been used as the basis for analyzing the evidence material. Comparative research method has been used in this. The style of presenting the same fact and character varies from author to author. The same object can be presented with the same or different perspectives. In this study, the Yashodhara drama has been studied and the character of Yashodhara has been studied comparatively. Kali Prasad Rijal has portrayed Yashodhara's character according to the traditional idealistic system, while Sharada Subba has portrayed Yashodhara's constructed character under postmodern consciousness. Portraying Yashodhara's character according to the idealistic system and portraying Yashodhara's constructed character under postmodern consciousness are completely different things. This is the main conclusion of this article.*

***Keywords**: Surrender, Postmodern Perspective, Reciprocity, Comparative Study, Traditional Perspective.*

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 315–324**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75412**

## लेखसार

*अधिकांश पौराणिक एवम् मध्यकालीन ग्रन्थहरूमा लेखकले नारीपात्रको सट्टा धीरोदात्त पुरुष नायकलाई प्रमुखता दिइएको पाइन्छ । हिन्दु ग्रन्थ होस् या बौद्ध ग्रन्थ नारी पात्रहरू ओझेलमा परेका छन् अथवा पारिएका छन् तर पचास दशकसँगै नेपाली साहित्यमा नारीपात्रहरूको सर्वस्वलाई ससम्मान केन्द्रीय स्थान दिई नायिकाप्रधान नाट्यकृति लेखिएका पाइन्छन् । प्रस्तुत अध्ययनमा यशोधरा नाटकको पारम्परिक र उत्तरआधुनिक दृष्टिकोणको तुलनात्मक चारित्रिक अध्ययन गर्नका लागि नाटककार कालीप्रसाद रिजालको यशोधरा (२०५९) गीतिनाटक र शारदा सुब्बाको यशोधरा (२०६५) नाट्यकृतिलाई साक्ष्य सामग्रीका रूपमा लिइएको छ । साक्ष्य सामग्रीको विश्लेषणका लागि तुलनात्मक समालोचनाको मान्यतालाई आधारभूमि बनाइएको छ । यसमा तुलनात्मक शोधविधिको उपयोग गरिएको छ । एउटै तथ्य र चरित्रलाई प्रस्तुत गर्ने शैली लेखकपिच्छे फरक हुन्छ । एउटै वस्तुलाई समान वा भिन्न दृष्टिकोणसहित प्रस्तुत गर्न सकिन्छ । यस अध्ययनमा यशोधरा नाटकको अध्ययन गरी तुलनात्मक रूपमा यशोधराको चारित्रिक अध्ययन गरिएको छ । कालीप्रसाद रिजालले यशोधराको परम्परागत आदर्शवादी प्रणालीअनुसार चारित्रिक चित्रण गरेका छन् भने शारदा सुब्बाले उत्तरआधुनिक चेतनाअन्तर्गत यशोधराको विनिर्मित चारित्रिक चित्रण गरेकी छन् । आदर्शवादी प्रणालीअनुसार यशोधराको चारित्रिक चित्रण गर्नु र उत्तरआधुनिक चेतनाअन्तर्गत यशोधराको विनिर्मित चारित्रिक चित्रण गर्नु नितान्त फरक कुरा हुन् । यही नै यस लेखको मूल निष्कर्ष हो ।*

**शब्दकुञ्जी :** आत्मसमर्पण, उत्तरआधुनिक दृष्टिकोण, घातप्रतिघात, तुलनात्मक अध्ययन, पारम्परिक दृष्टिकोण ।

## विषयपरिचय

नेपालको गौरवगरिमालाई जाज्वल्यमान बनाउने नायक राजकुमार सिद्धार्थ गौतमकी पत्नी यशोधरा हुन् । कोलिराज्यका राजा कोलिराजकी पुत्री यशोधरा देवदत्तकी बहिनी पनि हुन् । सुत्केरी पत्नी र भर्खर जन्मेको छोरो राहुललाई चटक्क त्यागेर कुनै महान् अभीष्ट प्राप्तिका लागि पति सिद्धार्थले गृहत्याग गरे पनि नारीको सबैभन्दा ठूलो धर्म मातृत्वलाई निर्वाह गर्दै एक्लो जीवन बाँचेकी यशोधराको जीवनगाथामा आधारित भई नेपाली साहित्यिक कृति रचना भएका छन् । तीमध्ये यस अध्ययनमा कालीप्रसाद रिजालको *यशोधरा* (२०५९) गीतिनाटक र शारदा सुब्बाको *यशोधरा* (२०६५) नाटकलाई साक्ष्य सामग्रीका रूपमा लिइएको छ ।

नाटककार कालीप्रसाद रिजालद्वारा २०५८ आश्विन १६देखि कार्तिक १८ गतेसम्म लेखन भई २०५९ सालमा प्रकाशित *यशोधरा* एक गीतिनाटक हो । आफ्नी आमा कृष्णमाया रिजालको प्रेरणाबाट १०-११वर्षको उमेरदेखि नै गीतलेखनबाट नेपाली साहित्य क्षेत्रमा प्रवेश गरेका रिजालले विगत पाँच दशकमा काव्य, निबन्ध, यात्रासंस्मरण आदि विविध क्षेत्रमा कलम चलाउँदै आए तापनि मुख्यतः कविता र गीतलाई प्रधानता दिएर सृजनशील रहँदै आएका देखिन्छन् यद्यपि *यशोधरा* रिजालको पहिलो गीतिनाटक हो । "नेपाली साहित्यमा मुनामदनपछि सशक्त गीतिनाटकको नितान्त खडेरी परेको बेला कवि कालीप्रसाद रिजालले यशोधराजस्तो उच्च कोटिको कृति प्रस्तुत गरेर हाम्रो भाषामा सबलता, सौन्दर्य र समृद्धिको मणिमाणिक्य जडित काव्यात्मक श्रीपेच लगाइदिएका छन्" ( शर्मा, २०५९, पृ.?) । यस कृतिमा ऐतिहासिक विषयवस्तुमाथि सरल, सरस र राष्ट्रिय लयको सुन्दर काव्यात्मक संयोजन पाइन्छ ।

प्रयोगधर्मी नारी नाटककार शारदा सुब्बाद्वारा लिखित *यशोधरा* एक पूर्णाङ्की नाट्यकृति हो । नेपाली नाट्यक्षेत्रमा नारी नाटककारबिच आफ्नो छुट्टै स्थान बनाउन सफल शारदा सुब्बाको नेपाली नाट्यजगत्मा औपचारिक यात्रा २०४१ सालमा मञ्चित *देउरालीमा एकथुँगा फूल*बाट भएको हो । यिनको *अघोषित नीलो पीडा* (२०५५) र *यशोधरा* (२०६५) जस्ता नाट्यकृति प्रकाशित छन् । "*यशोधरा* नाट्यकृतिमा यशोधराको ऐतिहासिक गौरवगाथालाई

**Vol. 6, No.1, January 2025. Page: 315–324**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75412**

फ्रायडवादी एवं नारीवादी दृष्टिले विनिर्मित गरेर यसको पुनर्निर्माण गरिएको छ र यो उत्तरनारीवादी रचनाका रूपमा देखिन्छ" (उपाध्याय, २०६७, पृ.१७६) । यस नाटकमा उत्तरनारीवादी दृष्टिकोणअनुरूप यशोधराको चरित्रको चारित्रिक विनिर्माण गरिएको छ ।

प्रस्तुत अध्ययनमा कालीप्रसाद रिजालको *यशोधरा* गीतिनाटक र शारदा सुब्बाको *यशोधरा* नाट्यकृतिमा चित्रित बुद्ध पत्नीको दृष्टिकोणको तुलनात्मक अध्ययन गर्न तुलनात्मक समालोचनाले अघि सारेको मान्यताको उपयोग गरिएको छ । यसअन्तर्गत कार्यकलाप तथा घटनाक्रम, कथोपकथन र अन्य पात्रका आधारमा यशोधराको चारित्रिक विश्लेषण गर्ने आधारका रूपमा उपयोग गरिएको छ । प्रस्तुत अध्ययनमा *यशोधरा* गीतिनाटक र *यशोधरा* नाट्यकृतिमा निहित यशोधराको चारित्रिक अध्ययन केकसरी प्रस्तुत गरिएको छ ? त्यसको खोजी गर्नु नै प्रस्तुत अनुसन्धानको प्रमुख समाधेय समस्या हो । तुलनात्मक समालोलनाको मान्यतामा आधारित रहेर कालीप्रसाद रिजालको *यशोधरा* गीतिनाटक र शारदा सुब्बाको *यशोधरा* नाट्यकृतिको विश्लेषण गर्दै यशोधराको चारित्रिक अध्ययन गर्नु नै यस अध्ययनको सीमा हो ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्री सङ्कलन पुस्तकालयीय अध्ययन कार्यबाट गरिएको छ । यसमा नाटककार कालीप्रसाद रिजालको *यशोधरा* (२०५९) गीतिनाटक र नारी नाटककार शारदा सुब्बाको *यशोधरा* ( २०६५) नाट्यकृतिलाई प्राथमिक स्रोत र यी नाट्यकृतिसम्बन्धी भएका पूर्वाध्ययनलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा प्रयोग गरिएको छ । प्रस्तुत नाट्यकृतिको छनोट सोद्देश्यमूलक विधिका आधारमा गरिएको छ । यी कृतिको छनोटको मुख्य कारण उक्त कृतिहरूले बुद्धपत्नी यशोधरालाई केन्द्रीयतामा राख्नु हो । यो अध्ययन पाठपरक अध्ययनमा केन्द्रित छ । त्यसै गरी सङ्कलित सामग्रीलाई तुलनात्मक समालोचनाको मान्यता उपयोग गरी तयार पारिएको सैद्धान्तिक आधारमा नाट्यकृतिको विश्लेषणको मापदण्ड निर्धारण गरिएको छ । यस अध्ययनमा सङ्कलित सामग्रीको विश्लेषण व्याख्यात्मक एवम् तुलनात्मक विधिमा गरिएको छ ।

## तुलनात्मक समालोचनाको परिचय र सैद्धान्तिक ढाँचा

यस अनुसन्धानमा यशोधराको तुलनात्मक चारित्रिक अध्ययनका लागि सैद्धान्तिक आधार तयार पार्न तुलनात्मक समालोचना मान्यतालाई आधारभूमि बनाइएको छ । "तुलनाको आधारभूमिमा विवेचना गरिएको समालोचनालाई तुलनात्मक समालोचना भनिन्छ" (थापा, २०५०, पृ.२२५) । यसका तुलनात्मक दृष्टिका साथ लेखकहरूका कृतिको विवेचना गरिन्छ । 'तुलना' शब्दको शाब्दिक अर्थ गुण, मान, आकार आदिका दृष्टिले एकभन्दा बढी वस्तुमा पाइने समानता वा असमानताको परीक्षण गर्ने काम (त्रिपाठी र दाहाल, २०६९, पृ.५७२) रहेको छ भने 'तुलनात्मक' शब्दको शाब्दिक अर्थ तुलना गरिएको अवस्था त्रिपाठी र दाहाल, २०६९, पृ.५७२) भन्ने देखिन्छ । यसरी हेर्दा परस्पर तुलना गर्न योग्य वस्तुको गुण, मान, आकार आदिको अध्ययन गर्नु नै तुलनात्मक अध्ययन हो । "समान वस्तुहरूका बीचमा मात्र तुलना हुन सक्ने हुँदा तुल्यवस्तुका समानता र असमानताका पक्षहरूलाई आँकलन गर्ने काम तुलनात्मक विधिले पूर्ण रूपमा निर्वाह गरेको हुन्छ" (अधिकारी, २०६१, पृ.२४) । तुलनात्मक अध्ययन गरेर तयार पारिएको समालोचनाले पाठकले एकैचोटि दुवै जना साहित्यकारको कृतिको रसास्वाद हुन सक्दछन् ।

साहित्यका अनेक विधामध्ये एक प्राचीन र समृद्ध विधाका रूपमा स्थापित नाटक एक प्रदर्शनकारी कला हो । यसैले नाटकमा चरित्रलाई मूलभूत तत्त्वको रूपमा लिइन्छ । "कथा र उपन्यासमा पात्र वर्ण्य रूपमा रहेको हुन्छ । नाटक एउटा मिश्रित कला भएकाले दृश्य वा अप्रत्यक्ष र अभिनेय रूपमा रहेको हुन्छ" (थापा, २०५०, पृ.८२) । पात्र भन्नु नै चरित्र हो । पात्रलाई चरित्रत्रिणकै लागि उभ्याइन्छ । "नाटकमा मनोवैज्ञानिक दृष्टिले पात्रका मानसिक एवं भावात्मक परिस्थितिहरूको राम्ररी चित्रण गर्दै विभिन्न कोणबाट चरित्रको उद्घाटन गरिएको हुनुपर्छ र

चारित्रिक उत्थान-पतन, मानसिक आरोहावरोह आदि तमाम कुराको विश्लेषण गरिएको हुनपर्दछ" (पोखरेल, २०५९, पृ.१६८) । बाह्य परिस्थिति र सामाजिक घातप्रतिघातका चापमा परेको मान्छेको मानसिक क्रियाप्रतिक्रियाले छोएको जीवनजगत्को र मानव मनको समुद्घाटन गर्नु नै सर्वोत्कृष्ट चरित्रचित्रण हो । यसर्थ चरित्र नै सर्वप्रमुख र केन्द्रीय सिर्जनशील घटक हो भन्न सकिन्छ । एकै चरित्रलाई पनि नाटककारले समान वा भिन्नभिन्न चारित्रिक गुण र मानसहित प्रस्तुत गर्न सक्दछन् । यस आलेखमा नाटककार कालीप्रसाद रिजाल र शारदा सुब्बाले *यशोधरा* नाटकमा चित्रण गरेको चारित्रिक विशेषताका आधारमा पाम्परिक र उत्तरआधुनिक दृष्टिकोणको तुलनात्मक अध्ययन गरिएको छ । नाटकमा चरित्रसम्बन्धी दिएको रङ्गनिर्देश, कथोपकथन र अन्य पात्रले चरित्रका सम्बन्धमा गरेका टीकाटीप्पणीका आधारमा *यशोधरा* नाटकमा चित्रित यशोधराको चारित्रिक अध्ययन गरिएको छ । नाटककारले आफ्ना तर्फबाट सीधै चरित्रको टीकाटिप्पणी गर्न सक्तैनन् तर कार्यकलाप तथा घटनाक्रम, कथोपकथन र अन्य पात्रका आधारमा अप्रत्यक्ष रूपले चरित्रचित्रण गर्न सक्तछन् । यसैकारण यहाँ यिनै उपशीर्षकभित्र रहेर यशोधराको चारित्रिक अध्ययन भएको छ ।

## कार्यकलाप तथा घटनाक्रमका आधारमा यशोधराको चारित्रिक अध्ययन

कार्यकलाप भनेको कामसम्बन्धी गतिविधि वा काम गर्ने विधि वा तरिका हो । कर्ताले कुनै खास उद्देश्य वा कारणले कुनै पनि काम गरेको हुन्छ । नाटकमा कर्ता चरित्र हुन् । उनीहरूकै कार्यकलापले नाटकीय कार्यव्यापार अगाडि बढ्छ । नाटकीय कार्यव्यापार विभिन्न कार्यकलाप र घटनाक्रमको कलात्मक अन्वितिबाट निर्माण हुन्छ । यिनै कार्यकलाप र घटनाक्रमबाट चरित्रको उद्देश्य स्पष्ट हुने हुँदा यिनको आधारमा पनि चरित्रको चारित्रिक चित्रण गर्न सकिन्छ । नाटकमा नाटककारले दिएको रङ्गनिर्देशबाट पनि चरित्रको चारित्रिक विशेषता उद्घाटन हुने हुँदा यहाँ तिनै रङ्गनिर्देशका आधारमा प्रस्तुत भएको कार्यकलाप र घटनाक्रमको अध्ययनबाट यशोधराको चारित्रिक अध्ययन गरिएको छ ।

*यशोधरा* नाट्यकृतिमा यशोधरा नायिका हुन् । दुवै नाट्यकृतिको शीर्षक नायिकाप्रधान नै देखिन्छ । ऐतिहासिक विषयमा रचना गरिएका साहित्यिक कृतिमा धेरैजसो साहित्यकारहरूले पुरुष पात्रहरूको मात्र महिमा गान गर्दछन् भने तिनै पुरुषको सफलताको पृष्ठभूमिमा उभिएकी एउटी महान् नारी पात्रको निरन्तर निस्वार्थ आत्मसमर्पणलाई बेवास्ता गरिदिन्छन् । हिन्दु ग्रन्थमा मात्र होइन, बौद्ध ग्रन्थमा समेत नारीपात्र ओझेलमा नै पारिएको प्रतीत हुन्छ भन्दै *यशोधरा* गीतिनाटकको भूमिकामा तारानाथ शर्मा लेख्छन् :

वास्तवमा बुद्धलाई बुद्ध बनाउने यशोधरै हुन् र यशोधराकै एकनिष्ठ पतिप्रेम, राजभवनमै बसेर पनि राजसी सुखसयलको सहज त्याग तथा आफ्नो पतिको लक्ष्य प्राप्तितर्फको कठोर तपस्या र कठिन जीवनचर्यामा अटल स्नेह र अगाध आस्थाजस्ता अद्वितीय गुणहरूले गर्दा बुद्धत्वको प्राप्ति सम्भव भएको हो भन्ने ग्रन्थकारको निष्कर्ष छ" (शर्मा, २०५९, पृ.? ।

यशोधरालाई नै केन्द्रित गरेर लेखिएको भए तापनि गौतम बुद्धको चर्चाविना यशोधराको जीवनवृत्त पूरा हुन नसक्ने नाटककार कालीप्रसाद रिजालको तर्क छ ।

कालीप्रसाद रिजालले सिद्धार्थ गौतमलाई बुद्ध बनाउनमा यशोधराको महत्त्वपूर्ण भूमिका रहेको चित्रण गरेका छन् । "आफ्नो छुट्टै पहिचान र व्यक्तित्वको प्रतिस्थापन गर्नुभन्दा आदर्श पत्नी भएर पतिको आभामण्डलमा समाहित हुन उनले रूचाइन् । उनी गौतम बुद्धकी मात्र छाया भएर रहिन्" (रिजाल, २०५९, पृ.?) भन्ने लेखकको स्वीकारोक्तिले उक्त गीति नाटकमा यशोधराको आदर्शोन्मुख यथार्थवादी कार्यकलाप र घटनाको चित्रण गरिएको छ भन्न सकिन्छ । नाटकमा दिइएको यशोधरासम्बन्धी चारित्रिक रङ्गनिर्देशका आधारमा यशोधराको कार्यकलाप र घटनाको अध्ययन गरिएको छ ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 315–324**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75412**

यशोधराले विवाहपूर्व एक आदर्श छोरी र विवाहपश्चात् एक आदर्श पत्नी र बुहारीको कार्यकलाप गरेकी छन् । सिद्धार्थको स्वभावमा अनायास परिवर्तन अनुभव गरेपछि यशोधराले एक आदर्श पत्नीको कार्यकलाप गर्दछिन् । "कति सम्झाउँदा बुझाउँदा पनि, बिन्तीभाउ गर्दा पनि यशोधराको केही लाग्दैन । सिद्धार्थले नखाएसम्म आफू पनि नखाने भनेर बस्दा कहिलेकाहीँ त दिनदिनभरि यशोधराले भोकै बस्नुपर्ने हुन्छ" (पृ.३३) भन्ने निर्देशले पनि यशोधराको आदर्श पत्नीको कार्यकलापतिर सङ्केत गर्दछ । पतिले नखाएसम्म पत्नीले पनि केही नखानु एक आदर्शयुक्त घटना हो । सिद्धार्थले शान्तिको खोजीमा गृहत्याग गरे पनि "यशोधरा यस्ता कुराबाट आहात भएर पनि चुपचाप सहिरहेकी हुन्छिन् । उनी आफ्नो मनको बह कहीँ गएर पोख्न पनि सक्दिनन् । एक्लैएक्लै आँसुका घुट्का पिएर उदास जीवन बिताइरहेकी हुन्छिन्" (पृ.४४) । यस रङ्गनिर्देशले पनि यशोधराको सहनशीलयुक्त जीवनको कार्यकलापतिर सङ्केत गर्दछ । यसमा पतिले छोडेपनि सामाजिक मर्यादाभित्र रहेर यशोधराले बाँचेको घटना देखिन्छ । मनको बह आफूभित्रै सीमित राखेर सामाजिक तथा पारिवारिक कर्तव्य निर्वाह गर्नु नारीको युगौँदेखिको नियति नै हो । यद्यपि यशोधराको कार्यकलाप परिवर्तन हुँदै जान्छ । "उनी कम बोल्ने र एकान्त मन पराउने हुँदै जान्छिन् । अलि सन्चो हुँदै गएपछि घरमै बसेर तपस्वीको जीवन बिताउने निश्चय गर्छिन् आफ्ना बहुमूल्य लुगा, गहनाहरू पनि सबै बाँडिदिन्छिन् । घरमै बसेर पनि पतिको अनुसरण गर्ने निर्णय गर्छिन् । यसरी एकदिन उनको मातृवत् वात्सल्य र ममता उर्लिएर आउँछ" (पृ.५४) । लोग्नेसँगको वियोगमा यशोधराले वैराग्य जीवन बाँचेको कार्यकलाप यसमा रङ्गनिर्देशमा चित्रित छ । यस्तो वैराग्य जीवनमा पनि उनले आफ्नो मातृत्व धर्म निर्वाह गर्न नचुकेको घटना प्रष्ट देखिन्छ । गौतम बुद्धसँगसँगै यशोधराले पनि निर्वाण प्राप्त गर्दछिन् । "पतिको प्रतिस्पर्धामा आएको जस्तो होला भन्ठानेर उनले आफ्ना फरक विचार र धारणाहरूलाई पनि आफूमै सीमित राख्दछिन् । त्यसैले बाँचुन्जेल आफूलाई ओझेलमा राखेर उनले जीवन निर्वाह गरिन्" (पृ.७९) भन्ने रङ्गनिर्देशमा दिएको कार्यकलापले पनि यशोधराको पतिव्रता आदर्श चरित्रलाई पृष्ठपोषण गर्दछ ।

शारदा सुब्बाले *यशोधरा* नाट्यकृतिमा यशोधराको चारित्रिक विनिर्माण गरेकी छन् । यस नाटकमा नाटककारले यशोधरालाई नाटकको केन्द्रीय शक्ति मानेर उनको कार्यकलाप प्रस्तुत गरेकी छन् । "सुब्बाले आफ्नो प्रयोजनका लागि यशोधरालाई इतिहासका पत्रबाट झिकेर साठीको दशककी र पतिसँगै रहेकी भए पनि पतिको छलको सिकार भएकी अनामिका तथा जनयुद्धमा पति गुमाएर विधवा भएकी र परपुरुषको यौनतृप्तिको साधन बनेको छापामार युवतीका साथ मञ्चमा उभ्याएर अन्तरक्रिया गराएकी छन् र यशोधराको अन्तर्मनको गुह्य खोल्न लगाएकी छन्" (उपाध्याय, २०६७, पृ.१७६) । यस नाटकमा समयको रेखा मेटिएको छ । यसमा प्राचीनकालकी बुद्धपत्नी यशोधरा र आजकी साइबर युगका नारीहरूको एकै ठाउँमा भेट गराई यशोधराको कार्यकलाप र घटनाक्रमलाई अगाडि बढाइएको छ । "मञ्चको मध्यभागबाट खोलो बगेर आउँछ । खोलाको डिलमा उभिएकी यशोधरा अँजुलीले पानी उघाएर पिउन खोज्छिन् । धेरैपटक पानी खाने प्रयास गर्छिन् । खोलो हेर्दाहेर्दै सुकेर जान्छ। यशोधरा खोलो सुकेतिर दौडेर जान्छिन्" (पृ.२९) भन्ने नाटकको आरम्भमा दिएको रङ्गनिर्देशले यशोधराको अतृप्त मानसिकतायुक्त कार्यकलापतिर सङ्केत गरेको छ । यसबारे अझ स्पष्ट पार्दै गोविन्दराज भट्टराई यसै नाट्यकृतिको भूमिकामा लेख्छन् :

नाटक आरम्भ हुनुअघि यशोधराले खोलाको डिलमा उभिएर अँजुलीले उघाएर पानी खान खोज्छिन् तर खोलो हेर्दाहेर्दै सुकेर जान्छ । उनी खोलो सुकेतिर दौडेर जान्छिन् तापनि उनको प्यास मेटिँदैन । यो एउटा मूल र आदिम बिम्ब हो । शताब्दीयौँ पहिलेकी एक नारीको पानी पिउने चाहना, तृष्णा मेट्न् आकाङ्क्षा, हेर्दाहेर्दै अधूरो रहनु एउटा डरलाग्दो कुरो हो । यौवन एक्लियो, प्रेम विच्छिन्न भयो, सधैं गर्भाशय तिर्खाएकै छ त पिउँभन्दा खोला सुकेर गयो (भट्टराई, २०६५, पृ.पन्ध्र) ।

गर्भाशयसँग नारीको देह र आत्मा मात्र जोडिएको हुँदैन । यसमा सृष्टिको निरन्तरता पनि गाँसिएको हुन्छ ।

**Vol. 6, No.1, January 2025. Page: 315–324**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75412**

## कथोपकथनका आधारमा यशोधराको चारित्रिक अध्ययन

नाटकमा कसैको चरित्र उसको कथन र उसबारे अन्य चरित्रहरूले गरेको टिप्पणीबाट प्रकाशमा आउँदछ । सामान्यतया नाटकीय चरित्रहरूका बिच हुने वार्तालापलाई नै कथोपकथन भनिन्छ । पात्रले जे बोल्छ, त्यही नै कथोपकथन हो । नाटकको विकास, चरित्रचित्रण र लेखकको आशय स्पष्ट गर्न संवादको सहायता लिइन्छ । संवादकै सहयोगले नाटककारले पात्रको बाह्य र आन्तरिक जगत्का जटिल, सङ्घर्ष, कुण्ठा आदि भावहरूको प्रत्यक्षबोध गराउँछन् । "संवाद र कथोपकथनको सम्बन्ध कथावस्तुसित हुन्छ र पात्रहरू नै यसका मुख्य आधार हुनाले चरित्रचित्रण सबैभन्दा निकटवर्ती तत्त्व मानिन्छ" (प्रधान, २०६१, पृ.८-९) । कथोपकथनबाटै चरित्रको मनोवृत्तिको पनि उद्घाटन हुन्छ ।

कालीप्रसाद रिजालको *यशोधरा* गीतिनाटकमा यशोधरामा रहेको आदर्श पति प्रेमको भाव निम्न कथनले प्रस्ट पार्दछ । उनी भन्छिन् :

तिमी मेरो श्रृङ्गार हौ तिमी मेरो देउता

यति ठूलो संसारमा तिमी मेरो एउटा (पृ.२८)

उनले पति सिद्धार्थलाई देउताको स्थान दिएकी छिन् । स्वामीलाई देउताको स्थान दिनु पूर्वीय आर्य संस्कृतिको आदर्शवादी चेत हो । यहाँ यशोधराको कार्यकलाप पतिव्रता देखिन्छ । पतिव्रता पत्नी पतिसँग बिछोडिएर बाँच्न त के सोच्न पनि चाहँदिनन् । यहाँ यशोधराको कार्यकलापमा पनि त्यही भाव रहेको निम्न कथनले देखाउँदछ । उनी भन्छिन् :

के देखेँ देखेँ आजै र सपना यही घर बगेको

कसले हो कसले हजुरलाई खोसेर लगेको

..............................

पाप है लाग्ला छाडेर गए मलाई छलेको (पृ.४५)

यशोधरा सपनामा पनि पतिसँग वियोगको पीडाले छट्पटिन्छिन् ।

यशोधराले पति सिद्धार्थलाई नै आफ्नो श्रृङ्गार ठानेकी छन् । यसैकारण उनी आफ्नी सँगिनीसँग मनको बह पोख्दै भन्छिन् :

यी हीरामोती लिएर मैले के गर्नु गहना

उज्रियो जीवन यस्तैमा रै'छ मेरो त लहना (पृ.५२)

पतिको साथविना यशोधराले आफूलाई अभागी मानेकी छन् । उनी "ममाथि दया गरिदे ईश्वर मलाई मारिदे" ( पृ.५३) भन्छिन् तापनि मानसिक विक्षिप्त अवस्थामा पनि उनले मातृत्व कर्तव्यलाई बिर्सेकी छैनन् । उनी भन्छिन् :

खोइ मेरो छोरो ल्याइदेऊ यता छातीमा लगाउँछु

भोकायो होला त्यो कठैबरा ! दूध ख्वाउँछु (पृ.५४)

यसमा यशोधराको एक आदर्शवादी आमाको कार्यकलाप र घटना चित्रित छ ।

निर्वाण प्राप्त सिद्धार्थ गौतम बुद्ध बनेपश्चात् दरबारमा भएको भेटमा यशोधराले केही प्रश्न राख्छिन् । उनी भन्छिन् :

हजुरको सामु अन्यथा नलिनुस्

हजुर त ज्ञानी म परेँ मूर्ख मलाई भन्दिनुस्

के सत्य खोज्न जानु नै पर्थ्यो संसार त्यागेर

सुत्केरी पत्नी चार दिनको छोरो अकेलै छाडेर ? (पृ.७३)

पत्नी यशोधराको प्रश्नमा सिद्धार्थ गौतम बुद्धले क्षमा मागेका छन् ।

आफ्नो पतिको सुकीर्ति बढ्दै गएको यश सम्मानमा आफू बाधक नबन्ने उनको दृढ अठोट हुन्छ । समाधिका लीन हुनुपूर्व उनी सिद्धार्थ गौतम बुद्ध र छोरो राहुललाई भेट्ने इच्छा राख्दिछन्, जुन पूरा हुन सक्दैन । यसरी यस नाटकमा नाटककार कालीप्रसाद रिजालले यशोधराको कार्यकलाप र घटना ऐतिहासिक यथार्थपरक ढङ्गले चित्रण गर्दै यशोधरालाई आदर्शोन्मुख चारित्रिक विशेषताका साथ चित्रित गरेका छन् । यसमा यशोधराको पतिव्रता आदर्शवादी चेतद्वारा गरिएको त्याग, बलिदान र समर्पणयुक्त कार्यकलाप र घटनालाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । यसरी यस नाट्यकृतिमा नाटककारले सिद्धार्थ गौतम बुद्धलाई घाम र यशोधरालाई छायाका रूपमा प्रस्तुत गरेका छन् ।

शारदा सुब्बाले *यशोधरा* नाट्यकृतिमा यशोधराको चारित्रिक विनिर्माण गरेकी छन् । उनको चारित्रिक विनिर्माण उनको कथोपकथनबाट पनि चित्रण भएको छ । अस्तित्ववादी चेतना यशोधरामा रहेकै कारण उनी आफ्नो ऐतिहासिक अस्तित्वहीन कार्यकलापका बारेमा बोल्दै भन्छिन्:

म ती इतिहासका सुनौला अक्षरहरूभित्र अस्तित्वहीन भएर लेखिएकी छु

यो राज्यको गौरवभित्र मेरो मातृत्व

आवाजविहीन भएर टोलाएको छ युगौँ-युगदेखि

..............................................

मेरो गर्भाशयले खुला आकाश खोलेर

धेरै पटक मलाई न्याय मागेको छ (पृ.४७)

यौवनावस्थामा पतिवियोगको पीडामा बिताउनुपर्दा उनको हृदयको गुह्य भावलाई महान्ताको पगरी नगुथाइकन उत्तरनारीवादी कार्यकलापसाथ प्रस्तुत गरिएको छ । यशोधरा भन्छिन् :

मेरो गर्भले मलाई धेरै पटक

गर्भाधारण गर्ने र पुनः सन्तानसुखको चाहना राख्दै

मभित्र विद्रोह गर्न खोजेको मैले चाल पाएकी छु (पृ.४७) ।

यही विद्रोह चेतले उनलाई सिद्धार्थ गौतम बुद्धसँग प्रश्न सोध्ने साहस दिएको छ । यो विद्रोह चेत उनमा अस्तित्व चेतको कारणले आएको हो । उनी भन्छिन् :

आज म सिद्धार्थ गौतमसँग सोध्न चाहन्छु

जीवनको मझधारमा मलाई एक्लै उभ्याएर

यसरी सहयात्रामा मलाई छाड्ने

तिम्रो निर्णय सही हो कि होइन ?

.............................

तिमीलाई अनगिन्ती बैँसालुहरूको श्राप लाग्नेछ (पृ.४९)

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 315–324**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75412**

शान्तिको खोजीमा पत्नीलाई जीवनको यात्रामा एक्लै छाडेर जाने सिद्धार्थ गौतमको एकतर्फी निर्णयबारे यशोधराले प्रश्न गरेकी छन् । सिद्धार्थले आफूलाई मात्र प्राथमिकता दिई निर्णय गरेका हुन्छन् । युगौँदेखि नारीले पुरुषको अन्या भएर छायामा रहनुपरेको पीडाबारे यशोधरा भन्छिन् :

मेरो सन्तानको गौरवबाट सुरु भएर तिनै पुरुषको आकाशमा

गएर ठोक्किन्छ र मेरो अस्तित्व,

तिनै पुरुषको छायामा गएर बिलाउँछ (पृ.५८)

पितृसत्तात्मक समाजमा निर्णयकर्ता पुरुष हुन्छन् भने त्यसको भोक्ता नारी हुन्छन् । यहाँ शान्तिको खोजीमा गृहत्याग गर्ने निर्णय सिद्धार्थ गौतमको नितान्त व्यक्तिगत भए तापनि त्यसको प्रत्यक्ष प्रभाव यशोधराको जीवन परेको छ, जुन कुरालाई सिद्धार्थ गौतमले पनि त्यति महत्त्व दिएको देखिँदैन ।

## अन्य पात्रका आधारमा यशोधराको चारित्रिक अध्ययन

नाटकमा नायकनायिका साथासाथै अन्य पात्रहरूको पनि प्रयोग रहेको हुन्छ । ती पात्रहरू मूल पात्रकै चारित्रिक विशेषता प्रकाशनमा ल्याउनका लागि पनि प्रयोग हुन सक्तछन् । नाटकमा मूल पात्रबारे अन्य चरित्रहरूले गरेको टिप्पणीबाट चारित्रिक चित्रण गर्न सकिन्छ । यहाँ अन्य पात्रले यशोधराको सन्दर्भमा गरेको टिप्पणीका आधारमा यशोधराको चारित्रिक अध्ययन गरिएको छ । यसका लागि रङ्गनिर्देश र संवादलाई साक्ष्य सामग्रीका रूपमा लिइएको छ ।

शान्तिको खोजीमा पति सिद्धार्थले गृहत्याग गरेपछि यशोधरा घरमै बसेर सिद्धार्थको अनसुरण गर्दै सन्यासिनीको जीवन बिताउन थाल्दिछन् । उनको पतिप्रतिको अगाध आस्था र प्रेमको भाव देखेर उनकी सँगिनी भन्छिन् :

धन्य रै'छ पतिभक्ति धन्य अनुराग

धन्य कस्तो महानता हजुरको त्याग (पृ.६५) ।

पतिको लागि जस्तोसुकै त्याग, बलिदान र समर्पण गर्न यशोधरा चुकेकी छैनन् तापनि राजदरबारको सभाकक्षमा यशोधरा नआएको कुरालाई लिएर भिक्षुसमुदायले यशोधराको चरित्रमा शङ्का गर्दछन् । उनको यही उद्दण्ड स्वाभाव र चरित्रहीनताकै कारण दिग्दार भएर सिद्धार्थले घर छाडेर हिँडनुपरेको भनेर ठोकुवा गर्नेहरू पनि निस्कन्छन् । "हुँदाहुँदै कसैले त राहुल गौतम बुद्धको छोरो नभएर यशोधराको चरित्रहीनता र पापको उपज भन्नसम्म पनि हिचकिचाएनन्" (पृ.७४) । यो कुरा गौतम बुद्धको कानसम्म पुग्दछ । "उनले यी सब आरोप अर्थहीन र निराधार हुन् भनेर खण्डन गर्दछन् । यशोधराको रूपजस्तै चरित्र पनि अति नै सुन्दर र पवित्र भएको कुरा सबैलाई सम्झाउँछन्" (पृ.७४-७५) । लोकका लागि भए पनि उनले अग्निपरीक्षा दिनुपर्दछ । माता सीताले आफ्नो पवित्रता सावित गर्न अग्निपरीक्षा दिनुपरेझैँ "यशोधरालाई आँखामा कालो पट्टी बाँधेर केही देख्न नसक्ने गरी सभामा उपस्थित गराइन्छ" (पृ.७५) । जन्मेदेखि नदेखेको भिक्षु भेषमा रहेको आफ्नो पिता गौतम बुद्धलाई भिक्षुहरूको भीडमा राहुलले चिनेर औँलामा औँठी लगाइदिएपछि यशोधराको अग्निपरीक्षा समाप्त हुन्छ । नारीले आफ्नो पवित्रताका लागि युगौँदेखि अग्निपरीक्षा दिनुपरेको छ र दिँदै पनि आएका छन् । यहाँ यशोधरा एक आदर्शवादी चरित्र भएकीले पनि उनले अग्निपरीक्षा दिएकी हुन् तर साइबर युगमा उभिएकी यशोधरा आफ्नो अस्तित्वप्रति सचेत छिन् । उनी आदर्शको नाममा आफ्नो अस्तित्वको मलामी जान चाहँदिनन् यसैकारण उनी आफ्ना गुह्य कुरा स्पष्ट रूपमा प्रस्तुत गर्दछिन् यद्यपि दुनियाँको अगाडि उनी महान् पुरुष गौतम बुद्धकी पत्नी हुन् ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 315–324**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75412**

अनामिका भन्छिन् :

मैले थाहा पाएअनुसार त तिमी महान् नारी हौ,

बुद्धलाई बुद्धत्व प्राप्तिमा हुनमा,

तिम्रो ठूलो योगदान रहेको मैले इतिहासबाट बुझेकी छु (पृ.४६) ।

अनामिकाका धारणा आमजनताको बुझाइ पनि हो । बुद्धको बुद्धत्व प्राप्तिमा यशोधराको त्याग, बलिदान र समर्पणको योगदान छ । यति भन्दैमा यशोधराको चरित्रलाई न्याय मिला त ? यदि साँच्चिकै यशोधराको चरित्रलाई यतिले मात्र न्याय मिलेको अनुभव भएको भए आज यस साइबर युगमा उभिएर उनी सिद्धार्थ गौतमसँग आफ्नो प्रश्नको जवाफ मागिरहेकी हुँदिनन् । प्राचीकालदेखि आजको साइबर युगसम्म पुरुषले मात्र केवल आफ्नो स्वार्थका लागि नारीको संवेग र गर्भलाई प्रयोग गरिरहेकाले युवतीले यशोधरा र आफूहरूमा साम्य भेटाउँछिन् र भन्छिन्-

हो, हामी सबै समयले बनाइएका यशोधराहरू हौँ (पृ.५७)

...........

म तिमीजस्तो

बुद्धको महानताको सुनाम ओडेर युगौँदेखि इतिहासमा उभिन

सक्दिनँ ।

अहँ, म पटक्कै सक्दिनँ, (पृ.५९) ।

युवतीको यस कथनमा यशोधराको आदर्शवादी चरित्र स्पष्ट भएको छ । बुद्धको महानताका लागि यशोधरालाई आफूलाई छायामा राखेकी हुन्छ । यी दुई नाट्यकृतिमा यशोधराको चारित्रिक भिन्ताको तुलनात्मक अध्ययन गर्दै केशवप्रसाद उपाध्याय लेख्छन् :

केही वर्षअघि कवि-गीतकार कालीप्रसाद रिजालले पनि वि.सं.२०५९ मा नेपालीमा यशोधरा गीतिनाटक प्रकाशित गरेका थिए । उनीहरूले आफ्ना कृतिहरूमा यशोधराको पतिभक्ति, पुत्रप्रेम र राज्यप्रतिको कर्तव्यनिष्ठा तथा संयम र मर्यादाले सम्पन्न आदर्श छवि देखाउन प्रयत्न गरेका थिए भने सुब्बाले त्यस आदर्श छविको आवरणभित्रको दमित-कुण्ठित नैसर्गिक नारीरूपलाई अनावृत्त गर्ने प्रयास गरेकी छन् (उपाध्याय, २०६७, पृ.१७६) ।

शारदा सुब्बाले नाटकमा धर्म, समाज र इतिहासले आरोपित गरेको यशोधराको आदर्शमय मिथकीय छविलाई तोडेर एक्काइसौँ शताब्दीकी अधिकार र अस्तित्वसचेत प्राकृत नारीका रूपमा यशोधराको चारित्रिक चित्रण गरेकी छन् ।

## निष्कर्ष

नाटककार कालीप्रसाद रिजालको *यशोधरा* गीतिनाटक र शारदा सुब्बाको *यशोधरा* नाट्यकृति दुवै राजकुमार सिद्धार्थ गौतमकी पत्नी यशोधरालाई केन्द्रीयतामा राखेर रचना भएका देखिन्छन् । दुवै कृतिमा यशोधराको त्याग र समर्पणको महिमा प्रस्तुत देखिन्छ यद्यपि दुवै कृतिमा यशोधराको चारित्रिक चित्रणमा भिन्नता देखिन्छ । हिन्दु ग्रन्थलगायत बौद्ध ग्रन्थमा पनि नारीपात्र ओझेल परेका वा पारिएका अवस्थाप्रति असन्तुष्टि प्रकट गर्दै बुद्धपत्नी यशोधरालाई नै केन्द्रित पारेर *यशोधरा* गीतिनाटक लेखिएको भनिए तापनि नाटककार कालीप्रसाद रिमालले यस कृतिमा यशोधराको चारित्रिक चित्रण ऐतिहासिक यथार्थवादभित्र रहेर गरेका छन् । यसमा उनले आदर्शवादी प्रणालीअनुरूप यशोधराको चरित्रलाई दोषरहित भएको र गुणैगुणले भरिएको चित्रण गरेका छन् । उनले

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 315–324**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75412**

यशोधरालाई आफ्नो छुट्टै पहिचान र अस्तित्वको प्रतिस्थापन गर्न लालयित पात्रभन्दा आदर्श पत्नीको छवि बनाइराख्न रूचि राख्ने कार्यकलाप र घटनाका साथ प्रस्तुत गरेका छन् तर यसको विपरीत नारी नाटककार सुब्बाले यशोधराको चरित्रलाई ऐतिहासिक तथ्यभन्दा भिन्न गरेर प्रस्तुत गरेकी छन् अर्थात् यशोधराको चारित्रिक विनिर्माण गरेकी छन् । जहाँ आदर्शको केन्द्र भत्किन्छ, त्यहाँ उत्तरआधुनिक चेतना जागृत हुन्छ । यस नाट्यकृतिमा सुब्बाले उत्तरआधुनिक चेतनाको प्रयोग गरी समय सीमारेखालाई मेटाई यशोधरालाई साइबर युगका नारी पात्रका साथ चित्रण गरेकी छन् । यशोधराको आन्तरिक गुह्य यथार्थलाई प्रस्तुत गर्न लगाएकी छन् । यहाँ उनी आदर्शको खोललाई फालेर अस्तित्व र अधिकारचेतयुक्त कार्यकलाप र घटनाका साथ प्रस्तुत भएकी छन् । समग्रमा भन्नुपर्दा *यशोधरा* नाट्यकृतिमा बुद्धपत्नी यशोधराकै सेरोफेरोमा रहे तापनि यशोधराको चारित्रिक प्रस्तुतिमा असमानता देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, बाबुराम (२०६१). *समालोचना सिद्धान्त र नेपाली समालोचना.* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७). *नेपाली एकाङ्की र एकाङ्कीकार.* ललितपुर : साझा प्रकाशन ।

थापा, हिमांशु (२०५०). *साहित्य परिचय* (चौथो संस्क.). ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी र दाहाल (विशेष सम्पा.). (२०६९). *नेपाली बृहत् शब्दकोश* (आठौं संस्क.). काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पोखरेल, भानुभक्त (२०५९). *सिद्धान्त र साहित्य* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१). *नेपाली उपन्यास र उपन्यासकार* (चौथो संस्क.). ललितपुर : साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६५). 'नवलेखन र पुनर्लेखनको उत्कृष्ट संयोजन यशोधराभित्र नारी अस्मिताको आदिम प्रतिध्वनि'. *यशोधरा.* काठमाडौं : मोडर्न बुक्स ।

रिजाल, कालीप्रसाद (२०५९). *यशोधरा.* ललितपुर : साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०५९). 'यशोधरा र बुद्धत्व'. *यशोधरा.* ललितपुर : साझा प्रकाशन ।

सुब्बा, शारदा (२०६५). *यशोधरा.* काठमाडौं : मोडर्न बुक्स ।


●